



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ साउन १५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 30 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३२

## श्रेस्ताको फोटो खिंच्न ढिलाइ, २० वटा ठेली भिजेर नष्ट

प्रस, परवानीपुर, १४ साउन/

भूमिसुधार तथा मालपोत कार्यालय, पर्सामा श्रेस्ता तथा मोठको विवरण कम्प्युटर प्रणालीमा अद्यावधिक गर्न श्रेस्ताको फोटो खिंचेर अनलाइन सर्भरमा राख्न ढिलाइ भइरहेको छ।

विभागले काममा खटाएको पिज जिओकम–स्पिड जेभीका कर्मचारीहरूको लापरवाहीले गर्दा यो काममा ढिलाइ भइरहेको हो। आव २०७७–०७८ मा काम सम्पन्न गर्नुपर्ने ठेकेदार कम्पनी पिज जिओकम–स्पिड जेभीले सम्झौता गरे तापनि निर्धारित समयमा काम गर्न नसकेर ढिलाइ भइरहेको हो। यो कामको लागि सरकारले च्यातिएको तथा झुरी परिसकेको श्रेस्ता मठहरूको रेकर्ड राख्न र आगामी दिनमा अनलाइन प्रविधिबाट छिटोछरितो काम गर्न यो प्रणाली प्रयोगमा ल्याइरहेको छ।



मालपोत कार्यालय, पर्सामा जथाभावी फालिएको श्रेस्ता र फिल्डबूक, फोटो खिंचेर कम्प्युटरमा राख्दै प्राविधिक र खुला दराजभित्र थुपारिएका महत्त्वपूर्ण कागजातहरू । तस्वीरः प्रतीक

गत असार १० गतेसम्म मालपोत कार्यालय, पर्सामा १५ वटा साबिक गाविसहरूको मोठ र श्रेस्ताको फोटो खिचेर अनलाइनमा राख्ने काम बाँकी रहेको, डाटाको पूर्णता तथा शुद्धता जाँच समितिको बैठकमा जानकारी गराइएको थियो।

मालपोत कार्यालय, पर्साका निमित्त प्रमुख कमोद तिवारीका अनुसार त्यति बेलासम्म बहुअरी बि, सुगौली दाप, महादेवपट्टी, परसौनीबिर्ता, लखनपुर, अलौ, मसियानी, हरिहरपुर प., मुर्ली बी, परशुरामपुर, कौवा वनकटैया, भौराटार, लिपनीबिर्ता, नकटुवा बी, बैरियाबिर्ता दापु गरी १५ वटा गाविसको मोठ श्रेस्ता अद्यावधिक गर्ने काम बाँकी थियो।

मालपोत कार्यालय, पर्साको तत्कालीन ८२ वटा गाविसलाई हालको १४ वटा पालिकाको संरचनामा ९६ वटा मोठ ठेलीमध्ये ८१ वटा गाविसको मोठको फोटो खिच्ने काम भइसकेको र बाँकी १५ वटा गाविसको बाँकी रहेको बताइएको छ।

यस विषयमा फोटो खिच्ने ठेक्का लिएको ठेकेदार कम्पनी पिज जिओकम–स्पिड जेभीका कम्प्युटर अपरेटर अमरनाथ राउतका अनुसार १५ वटामा करीब आधा गाविसको काम सम्पन्न भइसकेको र करीब एक दर्जन गाविसहरूको मोठ श्रेस्ताको काम बाँकी छ। उनका अनुसार बाँकी रहेको १५ वटामध्ये महादेवपट्टी, लिपनीबिर्ता, परशुरामपुर, परसौनी, लखनपुर, नकटुवा बी, हरिहरपुर बी, कौवा वनकटैयाको काम साउन १० गतेसम्म भइसकेको र बाँकी काम पनि अन्तिम चरणमा रहेको बताए।

### प्राविधिकले भिजाए २० वटा मोठ ठेली

फोटो खिचेर अनलाइनमा अपडेट गर्ने काममा संलग्न प्राविधिकहरूको लापरवाहीको कारण भूमिसुधार तथा मालपोत कार्यालय अन्तर्गतको विभिन्न गाविस तथा वीरगंज महानगरपालिकाको वडाको २० भन्दा बढी श्रेस्ता मोठ ठेली पानीले भिजेको पत्ता लागेको छ।

मालपोत कार्यालय, स्रोतका अनुसार गत असार पहिलो साता परेको अविरल वर्षाले मालपोत हाकिम बस्ने भवनको तेस्रो तल्लामा पानी पसेर २० वटा ठेली पानीले भिजेर नष्ट भएको छ।

पानीले भिज्दा श्रेस्तामा लेखिएका विवरण सबै गलेको छ भने जग्गाधनीको फोटोसमेत पनि गलेको बताइएको छ।

यस विषयमा फोटो खिच्ने प्राविधिक समूहका कम्प्युटर अपरेटर अमरनाथ राउतसँग बुझ्दा उनले राति सुतेको बेला कोठामा पानी पसेको हुँदा श्रेस्ता भिजेको बताए। साथै उनले आफू आउनुभन्दा अघि प्राविधिकहरूले लापरवाही गरेको बताए।

मालपोत कार्यालय, पर्साका निमित्त प्रमुख तिवारीले भिजेको मोठ ठेलीको विवरण कम्प्युटरमा अद्यावधिक गरिसकेकोले नयाँ श्रेस्ता गणना गर्न समस्या नहुने। तर जग्गाधनीले तत्कालै श्रेस्ता भिडाउन वा रेकर्ड राख्न भन्दा अप्ठेरो पर्ने उनले बताए।

## अनधिकृत तार, पोल हटाइन्छ

प्रस, वीरगंज, १४ साउन/

नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख कुशियैत यादवले अनधिकृतरूपमा बिजुलीको पोलमा जडान गरिएको तार, होडिङबोर्डहरू हटाउने बताएका छन्।



प्रमुख यादवलाई ध्यानाकर्षण गराउँदै अभियानका पदाधिकारीहरू। तस्वीरः प्रतीक

ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्ष प्रकाश खेतान, व्यवस्थित वीरगंज अभियानका अध्यक्ष दिलीपराज कार्की, इम्प्रोडिङ वीरगंज क्लबका सरन गुप्ता, स्वतन्त्र युवा समाजका रवि वर्णवाल, त्रिलोकी दारूकालगायतले अनधिकृतरूपमा बिजुलीको पोलमा केबुल नेट, इन्टरनेटका तार र विभिन्न संस्थाका होडिङबोर्डहरू राखिएको र त्यसबाट आगलागीको वारदात बढेको भन्दै ध्यानाकर्षण गराउँदा प्रमुख यादवले सो कुरा बताएका हुन्।

टोलीले बुधवार वीरगंज महानगरपालिका –१५ प्रतिमाचोकमा बिजुलीको पोलमा अव्यवस्थित तरीका जडान गरिएको केबुल, नेटको तारको कारण आगलागी भएको र आगामी दिनमा त्यस प्रकारको दुर्घटना नहोस् भनी ध्यानाकर्षण गराइएको व्यवस्थित वीरगंज अभियानका अध्यक्ष कार्कीले बताए।

सो क्रममा प्रमुख यादवले दुर्घटना नहोस् भनेर आगामी दिनका लागि तयारी गरिएको र अनधिकृत जडान गरिएका तार, बोर्ड हटाउने आश्वासन दिएको

(बाँकी अन्तिम पातामा)

## वीरगंज–रक्सौल मुख्यनाकाबाटै स्याउको तस्करी शुरू

नितेश कर्ण वीरगंज, १४ साउन/

पर्सा जिल्लाको एकमात्र खुला यो उर्दी अहिलेसम्म कागजमा मात्रै सीमित छ। भारतले आफ्नो नाका



तस्वीरः प्रतीक

रक्सौल–वीरगंज नाकाबाट खुलेयाम तस्करी शुरू भएको छ।

पहिलो कोरोनाकालदेखि नै सीमा सील छ। दोस्रो कोरोनाकालमा जिल्ला प्रशासन कार्यालय पर्साले वैशाख १६ गतेदेखि जारी गरेको निषेधाज्ञा अहिले अनिश्चितकालका लागि जारी नै छ। निषेधाज्ञा जारी रहेको अवस्थामा जिल्लाका अन्य नाकाहरू बन्द छन् भने मुख्य नाका रक्सौल–वीरगंज मात्र खुला छ।

यो नाका भएर विदेशी आउन निषेध छ भने नेपालीहरू आउँदा अनिवार्य स्वास्थ्य परीक्षण र तोकिएको क्वारेन्टिनमा बस्नुपर्ने भनिएको छ। तर खोलिसकेको अवस्थामा नेपालले भने सीमा सील राखेको र भारतबाट कामका लागि वीरगंज आउनेहरूलाई समेत रोक लगाएपछि भारतीयहरूले मितेरीपुलमा प्रदर्शन गरेका थिए।

त्यसपछि स्थानीय मानिसको आवतजावतका लागि खुकुलो पारिएको यो नाकाबाट अहिले खुलेयाम चिनियाँ स्याउको तस्करी शुरू छ। सर्वसाधारणको आवतजावतमा रोक लगाउने यस क्षेत्रमा तैनाथ सुरक्षाकर्मीहरू अहिले तस्करी नियन्त्रणको कुरामा मौन छन्। रजत जयन्ती चोकदेखि सशस्त्र र नेपाल प्रहरीको चेकजाँच शङ्कराचार्य द्वारसम्म छ। बीचमा वीरगंज भन्सार कार्यालय छ, जहाँ सिसिटीभीसहित भंसार सुरक्षाकर्मीको रूपमा सशस्त्रको अलग दस्ता छ। तर यी सबै स्थान सहज पार गरेर चिनियाँ स्याउ भारत पुग्दैछ। मुख्य नाका खुकुलो हुनु अगाडि इनर्वा, भन्सार पछाडि र बाराको विश्रामपुर, बलिरामपुरबाट चिनियाँ स्याउ भारत पुऱ्याइन्थ्यो।

अहिले मुख्य नाकाबाट चिनियाँ स्याउको तस्करी शुरू भएपछि महिला, बालबालिका टाउकोमा स्याउको कार्टुन बोकेर रक्सौल पुऱ्याउँदै आएका छन्। वीरगंज मुख्य नाकासहित ग्रामीण क्षेत्रबाट पनि चिनियाँ स्याउ भारत जाने गरेको पाइएको छ। अहिले दैनिक ५–६ गाडी चिनियाँ स्याउ भारत गइरहेको बताइन्छ।

## ग्रामीण क्षेत्रका केही निजी विद्यालयमा पठनपाठन

प्रस, सेढवा १३ साउन/

कोरोना महामारीको कारण सरकारले विद्यालय सञ्चालनमा रोक लगाए पनि पर्साको ग्रामीण भेगका केही निजी विद्यालय साउन १ गतेदेखि सञ्चालन भएका छन्।

जीराभवानी गाउँपालिका–१ र २ मा रहेका तीनवटा निजी विद्यालयमा अहिले पठनपाठन भइरहेको छ। जिल्लाका केही निजी तथा संस्थागत विद्यालयले अनलाइन कक्षा सञ्चालन गरी विद्यार्थीहरूलाई अध्ययन गराइरहेका छन्।

यता, ग्रामीण भेगका सामुदायिक विद्यालयहरूले औपचारिकरूपले साउन १ गतेदेखि विद्यालय खोली प्रशासनिक कार्य गरिरहेका छन्।

ठोरी गाउँपालिकाका शिक्षा शाखा प्रमुख भोपाल जोशीले विद्यालयमा अनिवार्य शिक्षक कर्मचारी उपस्थित भई विद्यार्थी भर्ना, पाठ्यपुस्तक वितरण, विद्यार्थीको प्रगति विवरण, मार्क लेजर भर्ने कार्य भइरहेको बताए। अनलाइन कक्षा सञ्चालनका लागि क्लोज युजर ग्रुपको सिमकार्ड बाँड्ने कार्य भइरहेको शिक्षा प्रमुख जोशीले बताए।

ज्ञानवाटिका मावि सुवर्णपुरका शिक्षक जीवन श्रेष्ठले सम्पूर्ण विद्यार्थीसँग स्मार्ट फोन नभएकोले अनलाइन सेवा सम्भव नभएको प्रतिक्रिया दिएका छन्। यस क्षेत्रका जगरनाथपुर, जीराभवानी, ठोरी, पटेर्वासुगौली, सखुवापरसौनी, धोबिनी गाउँपालिकाका विद्यालयहरूमा पाठ्यपुस्तक वितरण, भर्नालगायत कार्यका लागि मात्रै विद्यालय सञ्चालनमा रहेका छन्।



सादायिक विद्यालयले पाठ्यपुस्तक वितरण गर्न थालेपछि जीराभवानी गापा–१ बलुवाका विद्यार्थीहरू पाठ्यपुस्तक लिन विद्यालय जादैं। तस्वीरः प्रतीक

जीराभवानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले प्रशासनिक कामकाजका विद्यालय सञ्चालनमा रहेको बताए। यस गाउँपालिकाका केही निजी विद्यालयहरूले पालिकासँग समन्वय नै नगरी पठनपाठन गरिरहेको हुँदा भोलि कुनै किसिमको घटना हुँदा पालिका जिम्मेवार नहुने अधिकृत मेहताले बताए। ती विद्यालयमा कोभिड–१९ को सङ्क्रमणको घटना भएमा सम्बन्धित विद्यालय तथा अभिभावक नै जिम्मेवार हुने प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले बताए।

## विचारसार र सूक्तिहरू

**विनाप्रयास एकथोक मात्र छ, जुन निरन्तर बढिरहन्छ। त्यो हो उमेर ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## कोरोना त्रास र खोप

**विश्व कोरोना सङ्क्रमणले आक्रान्त छ। संसारका मैं हुँ भन्ने मुलुकहरूले पनि कोरोनालाई पराजित गर्न सकेका छैनन्। कोरोनाविरुद्ध खोप पनि सबै खाले भाइरसविरुद्ध सधैंको लागि प्रभावकारी हुने देखिएन। खोपले कोरोनाविरुद्ध लड्न सक्ने क्षमता १० गुनासम्म बढाए पनि समय अवधिसँगै सोही अनुपातमा प्रतिरोधात्मक क्षमता कम हुँदै जाने कुरा विभिन्न अध्यायन–अनुसन्धानले देखाएको छ। एकपटक वा दुईपटक खोप लगाएर लामो समयका लागि काम नलाग्ने थाहा भएपछि, सम्पन्न मुलुकका नागरिकहरूले बुस्टरको रूपमा अर्को डोज थप्ने क्रम शुरू गरेका छन्। यद्यपि विश्व स्वास्थ्य सङ्गठनले भने कैयन मुलुकका नागरिकलाई पहिलो डोज खोप नपाइरहेको अवस्थामा बुस्टरको नाममा डोज थप नगर्न आग्रह गरेको छ। त्यसैगरी एउटा उत्पादक कम्पनीको खोप लगाएका व्यक्तिले अर्को कम्पनीले उत्पादन गरेको खोप लगाउँदै खोप–क्रस गर्न पनि शुरू गरेका छन्। खोप क्रस गरेर लगाउनेबारे अध्ययन अनुसन्धान निष्कर्षमा पुगी नसकेको विज्ञहरूले बताइरहेका छन्।**

**कोरोना रोकथामका लागि बन्दाबन्दी, स्वास्थ्य मापदण्ड पालना र खोप मात्र उपाय हो। स्वास्थ्य मापदण्ड पालना गर्ने हो भने यसले कोरोनालगायत धेरै सरुवा रोगबाट बचाउँछ। तर त्यसका लागि अति सजगता र सतर्कता जरूरी पर्छ। एक–दुईजनाले मात्र सावधान भएर हुँदैन। एक व्यक्तिको सम्पर्कमा आउने हरेक व्यक्तिले स्वास्थ्य मापदण्ड पालना गरे मात्र कोरोनाले प्रवेश पाउन सक्दैन। यसको निरोधका लागि बन्दाबन्दी वा लकडाउन सकभर लगाउनै नपरोस्। बन्दाबन्दीमा रोगभन्दा पनि भोक र शोकले तडपाउँछ। बन्दाबन्दीले दिने आर्थिक, सामाजिक र मानसिक क्षतिको पूर्ति सम्भव छैन। अल्छी, लापरवाह मानिसको लागि कोरानाविरुद्ध खोपले नै थोरै भए पनि राहत दिएको देखियो। तर त्यस उपयोगी खोपमा पनि खोप उत्पादककर्ता एवं उपभोक्ता मुलुक र सर्वसाधारण आआफ्नै स्वार्थ घुसाउन उद्धत छन्।**

**भारतीय उत्पादनको कोभिशिल्ड खोप लगाएको व्यक्तिलाई चीनले मान्यता दिएन। त्यसैगरी नेपालको रोजगारदाता खाडी मुलुकले चीनको भेरोसिल खोपभन्दा अमेरिकाको जेनसिन खोपलाई प्रथमिकता दियो। खोपको गुणस्तरीयता तथा विश्वसनीयताको कुरा उनीहरूले उठाएका छन्। हुनत त्यो उनीहरूको एउटा बहाना मात्रै हो। असली मुद्दा त राजनीति तथा व्यापारिक स्वार्थ एवं क्षेत्रीय र आफू पक्षमा लबिङको हो। हाम्रै मुलुकभित्र हेर्ने हो भने पनि चिनियाँ उत्पादनको भेरोसिल खोपलाई तराई–मधेस क्षेत्रमा विश्वास गरिएन। पहिलो चरणमा सरकारले पठाएको भेरोसिल खोप लगाउने लक्षित सङ्ख्या नआएर खोप फिर्ता गयो। बचत खोप लक्षित समूहभन्दा बाहिरका पनि धेरैले पाए। तर अमेरिकी उत्पादनको जेनसीन खोपका लागि यहाँ मारामार छ। बागमती प्रदेशमा त्यही जेनसीन खोप लगाउन लक्षित समुदायको न्यून सहभागिता थियो। जहाँ चिनिया उत्पादनको भेरोसिल खोप नै मागिरहेका छन्। यो डर, भर वा चेतना स्तरको कुराभन्दा जनविश्वासको कुराले प्राथमिकता पाएको हो। हाम्रो मुलुकमा आएका सबै खोपलाई डब्लुएचओले मान्यता दिएको हो। हरेकको प्रभावकारिता प्रतिशत स्पष्ट छ। फेरि पनि एउटै मुलुकमा फरक स्थानका उपभोक्ताले उत्पादक मुलुक अनुसार फरक प्रथमिकता दिनु भनेको चीन र खाडी मुलुकको रुचिजस्तै हो।**

# अर्थ व्यवस्थामा खर्च गर्ने प्रवृत्तिको किन ठूलो महत्त्व छ ?


अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com


**विदेशबाट आयातित वस्तु खरीद गर्न हामीले बढी खर्च (खरीद) गर्नुको कुनै अर्थ हुँदैन। विदेशबाट आयातित वस्तु खरीदमा बढी खर्च गर्नुको अर्थ बालुवामा पानी हाल्नु हो। खर्चमा वृद्धि गर्नुपूर्व राष्ट्रिय उत्पादन वृद्धि हुनु अनिवार्य छ। राष्ट्रिय उत्पादनमा वृद्धि, खर्च वृद्धिको पूर्व शर्त हो।**

हाम्रो पूर्वीय सभ्यता एवं संस्कृतिले हामीलाई बाल्यकालदेखि नै बचत गर्न सिकाउँछ। यस कारणले गर्दा हामी दक्षिण एशियाली बचत गर्न जोड दिन्छौं। बचतलाई भोलिको बलियो र भरपर्दो सुरक्षाको माध्यमको रूपमा हेर्छौं। राम्रो आम्दानी हुने स्थितिमा रहेकाहरूले पनि खर्च गर्दनौं, उल्टो विभिन्न किसिमका आवश्यकता मिचेर राख्छौं। अर्थात् हामीसँग पैसा भएर पनि खर्च गर्दैनौं। बचत गर्नमा जोड दिन्छौं। तर बचत गर्नु सबल अर्थतन्त्रका लागि फाइदाजनक होइन।

जसरी सवारीका साधनहरूलाई गति दिन इन्धनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ, त्यसैगरी राष्ट्रिय अर्थतन्त्रलाई गति दिन खर्चले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। अर्थात् खर्चले गर्दा नै राष्ट्रिय अर्थतन्त्र गतिशील हुन्छ। कसैले खर्च गरेपछि मात्र वस्तु वा सेवा बिक्री हुने स्थिति सृजना हुन्छ। वस्तु वा सेवा बिक्री भए मात्र ती कुराका उत्पाकहरूले वस्तु वा सेवा उत्पादन गर्छन्। उत्पादकहरूले उत्पादन गरे मात्र रोजगार सृजना हुन्छ। रोजगार सृजना भए मात्र अनेक व्यक्तिले रोजगार पाउँछन्। उनीहरूको हातमा खर्च गर्नका लागि कोष (आम्दानी) हुन्छ। र उनीहरूले खर्च गरेमा बजारमा वस्तु वा सेवा बिक्री हुने स्थिति सृजना हुन्छ। वस्तुहरू बिक्री भएमा तिनको उत्पादन हुन्छ। यसरी हामीले गर्ने अनेक किसिमका खर्चहरूले अर्थतन्त्रलाई गतिशील तुल्याउने कार्य गर्दछ। खर्चले गर्दा नै अर्थतन्त्रको पाङ्ग्रा निरन्तर घुमिरहने स्थितिमा रहन्छ।

खर्चको प्रकृति दुई किसिमको हुन्छ, यसलाई दुई किसिमबाट वर्गीकरण गर्न सकिन्छ। क) उपभोग्य वस्तु वा सेवामा गरिने खर्च, ख) लगानीमा गरिने खर्च।

वस्तु वा सेवा तीन किसिमको हुन्छ– १) आवश्यक आवश्यकताका वस्तु वा सेवाहरू, २) अर्ध–विलासी वस्तु वा सेवाहरू, ३) विलासी वस्तु वा सेवाहरू।

**आवश्यक आवश्यकताका वस्तु एवं सेवाहरू**

खाद्य पदार्थ, शिक्षा, औषधी, स्वास्थ्य सुविधा, कपडा, आवास आदि आवश्यक आवश्यकताका वस्तु हुन्। जीवन निर्वाहका लागि यी वस्तु उपभोग गर्नु अनिवार्य हुन्छ। यी वस्तुहरूको उपभोग नगरी बाँच्न कठिन हुन्छ। खाद्य पदार्थको उपभोग गर्न नपाए त बाँच्न पनि सक्तैनौं।

दक्षिण एशियामा व्यक्ति वा परिवारले आफ्नो आम्दानीको ठूलो भाग आवश्यक आवश्यकताका वस्तु वा सेवा खरीद गर्न खर्च गर्छ। यी वस्तु वा सेवा खरीद गरेर बाँकी रहेको रकम बचत गर्छ। बाँकी रकम अर्ध–विलासी वा विलासी वस्तु वा सेवा खरीद गर्न खर्च गर्दैन। राम्रो आम्दानी गर्ने अधिकांश मानिसले पनि आवश्यक आवश्यकताका वस्तु खरीद गरेर बाँकी पैसा अर्ध–विलासी वस्तु वा सेवा खरीद गर्न खर्च गर्दैन। त्यो बाँकी रहेको आम्दानी वा बचत कुनै उत्पादक कार्यमा लगानी पनि गर्दैन। हामीसँग रहेको बचत कुनै उत्पादक कार्यमा खर्च गर्ने साहस, प्रवृत्ति वा परम्पराको हाम्रो समाजमा सर्वथा अभाव छ। हामी लगानी गर्न डराउँछौं। कुनै व्यापार सञ्चालन गर्न डराउँछौं। व्यापार केवल व्यापारी (जसले खानदानीरूपमा व्यापार गर्दै आएको छ वा व्यापारी घराना) हरूले गर्ने कार्य हो भनेर पन्छिन खोज्छौं। व्यापार खास जाति (बनिया वा वणिक्, हलुवाई, कोइरी, बजाज आदि) ले गर्ने हो भनेर व्यापार सञ्चालन तर्फ आकर्षित हुँदैनौं। हाम्रो यस्तो प्रवृत्ति पनि हाम्रो क्षेत्रमा व्यापारको समुचित विकास नहुनुको प्रमुख कारण बन्न पुगेको छ। अर्थात् हामी व्यापार कुनै खास जाति वा वर्गले गर्ने हो भन्ने मान्यतामा विश्वास गर्छौं।

**अर्ध विलासी वस्तु एवं सेवाहरू**

फेसन अनुसारको कपडा, स्मार्ट फोन, भ्रमण–यात्रा, रेस्टुरामा भोजन, सडक–खाना, आरामदायी वस्तु (खास किसिमको जुत्ता, रङ्गीन चश्मा, विशेष किसिमको खाट आदि), रिसोर्टको बसाइ, तीर्थाटन, पार्टीको आयोजना, सिनेमा आदि अर्ध–विलासी वस्तु वा सेवा हुन्। बाँच्नका लागि यी वस्तु उपभोग गर्नु आवश्यक छैन तर यी वस्तु एवं सेवाहरूको उपभोगले हाम्रो जीवनयापन सरल हुन पुग्छ। हाम्रो समाजमा ज्यादै धनीहरूले मात्र अर्ध–विलासी वस्तु एवं सेवाहरू खरीद गर्ने चलन छ। तर राम्रो आम्दानी वा बचत हुनेले पनि यस किसिमका वस्तु एवं सेवाहरू खरीद गर्न सक्छ, तर गर्दैन। राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्न राम्रो आम्दानी वा बचत हुन सक्ने स्थितिमा रहेकाहरूले अर्ध–विलासी वस्तु वा सेवा खरीद गर्न आवश्यक छ। धनी देशहरूमा ठूलो परिमाणमा अर्ध–विलासी वस्तु एवं सेवा उत्पादन एवं बिक्री हुन्छ। मानिसहरू आफ्नो जन्मदिन मनाउने क्रममा एक सयको हाराहारीमा केवल जन्मदिनसँग सम्बन्धित वस्तु वा सेवा, जुन अर्ध विलासी हुन्छ, खरीद गर्छन्। अर्थात् धनी देशहरूमा केवल जन्मदिनसँग मात्र सम्बन्धित एक सयभन्दा बढी अर्ध विलासी प्रकृतिका वस्तुहरू देख्न सकिन्छ।

**विलासी वस्तु एवं सेवाहरू**

विलासी वस्तु एवं सेवाहरूको उपभोग ज्यादै धनाढ्य व्यक्तिहरूले गर्ने भए तापनि यी वस्तुहरू उत्पादन गर्ने कार्यमा गरीब कामदारहरू संलग्न हुने हुँदा कुनै पनि अर्थ व्यवस्थामा ठूलो परिमाणमा विलासी वस्तु एवं सेवा उत्पादन हुनु आवश्यक छ। रोजगारको स्तरमा वृद्धि गरेर धेरै व्यक्तिलाई रोजगार दिन विलासी वस्तु एवं सेवाको उत्पादन ठूलो परिमाणमा हुन आवश्यक छ।

अति फेसन अनुसारको गहना, तारे वा महँगो होटलको वास, रुचि अनुसारको भोजन, कार, हेलिकप्टर (निजी), सुन जडित महँगो घडी, खास किसिमको अति महँगा फर्निचर, सुनचाँदी जडित वा विशेष किसिमले तयार पारिएको कपडा, ज्यादै खर्चिलो भोज वा खानपिन, विशेष सजावटसहित खास डिजाइन वा संरचना भएको घर, खर्चिलो भ्रमण आदि विलासी वस्तु एवं सेवाका उदाहरणहरू हुन्। यस किसिमका वस्तु एवं सेवाहरूको उत्पादन एवं बिक्री हुन आवश्यक छ। तर हाम्रो समाजमा विलासी वस्तु खरीद गर्ने प्रवृत्ति र तत्परता दुवै देखिंदैन। ज्यादै धनीहरूले पनि यस किसिमका वस्तु खरीद गर्दैनन बरु आफूसँग रहेको पैसा आफूसँगै राख्छन्, अर्थात् बचत गर्छन्। ज्यादै कम मानिसले विलासी वस्तु खरीद गरेको पाइन्छ।

**लगानीमा खर्च**

हाम्रो समाज लगानी–मैत्री होइन। हाम्रो समाजले लगानी गर्ने (आफ्ना परिवारका सदस्य एवं साथीहरू) लाई लगानी गर्न प्रेरित गर्दैन। उल्टो अनेक किसिमको डर, त्रास, अनिश्चितता देखाएर लगानी (व्यापार सञ्चालन) गर्न दुरूत्साहित गर्छ। हाम्रो समाजमा उद्यमशीलता (entrepreneurship) को अति अभाव छ। उद्यमशीलता भन्नाले लगानी गरेर घाटा हुन सक्छ भन्ने अनिश्चितता लिएर पनि मुनाफाका लागि जोखिम वहन गर्ने प्रवृत्ति भन्ने बुझिन्छ। हाम्रो समाजमा यो प्रवृत्तिको अभाव छ र त्यो कारणले गर्दा पनि नयाँ पीढीका युवा आफैंले नयाँ व्यापारको सृजना गर्नुको साटो विदेशतिर र खास गरी खाडीका मुलुकहरूतिर जोखिमपूर्ण स्थितिमा पनि रोजगारका लागि पुग्छन्। त्यहाँ पुगेर अनेक किसिमका दु:ख–कष्ट खेप्छन्। कतिपय त बक्सामा बन्द भएर त्रिभुवन विमानस्थलमा लाश बनेर पुग्छन्। कस्तो हृदयविदारक स्थिति !

हाम्रो शिक्षा नीतिले पनि उद्यमी र उद्यमी भावनाको विकास गर्दैन। राष्ट्रिय शिक्षा एकदम परम्परागत छ। हाम्रो शिक्षालाई व्यवसायमुखी बनाउन आवश्यक छ। हाम्रो शिक्षाले उद्यमीहरू उत्पादन गर्न आवश्यक छ। हाम्रो शिक्षाले युवाहरूमा लगानी गर्ने प्रवृत्ति विकास गर्न आवश्यक छ।

राष्ट्रिय अर्थतन्त्रलाई गति दिन, राम्रो आम्दानी हुनेहरूले खर्च गर्न आवश्यक छ। विभिन्न किसिमका आवश्यक आवश्यकताका वस्तु एवं सेवाहरूलगायत अनेक अर्ध एवं विलासी वस्तु पनि खरीद गर्न आवश्यक छ। प्राय: रेस्टुरामा खाना खाने, घुमफिरका लागि रिसोर्टहरूमा जाने, जन्मदिन मनाउन फरक स्थानमा जानेजस्ता कार्यहरू गरेर हामीले खर्च बढाउनुपर्छ। खर्च बढे मात्र खरीद–बिक्री बढ्छ र खरीद–बिक्री बढेर उत्पादन बढ्छ, उत्पादन बढेर रोजगारीको स्तरमा वृद्धि हुन्छ।

यसैगरी हामीले लगानीमा पनि खर्च गर्न आवश्यक छ। नयाँनयाँ व्यापारको विकासमा हामीले लगानी गर्नुपर्छ। बचत गरेर राख्नुहुँदैन। आफूसँग रहेको बचत प्रयोग गर्नुपर्छ। लगानी गर्नुपर्छ। यस्तो गरे मात्र स्वदेशमैं अनेक रोजगार सृजना गरेर युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न सकिन्छ। अनेक किसिमका सामाजिक अपराध, यौन अपराध आदि नियन्त्रण गर्न सकिन्छ।

देशवासीले खर्चको स्तरमा वृद्धि गर्न स्वदेशी उत्पादनमा पनि जोड दिन आवश्यक छ। देशवासीले खर्चमा वृद्धि गर्ने र त्यसरी गरिएको खर्च विदेश पुग्ने स्थिति राष्ट्रिय अर्थ व्यवस्थाका लागि राम्रो होइन। विदेशबाट आयातित वस्तुहरू खरीद गर्न हामीले बढी खर्च (खरीद ) गर्नुको कुनै अर्थ हुँदैन। विदेशबाट आयातित वस्तु खरीदमा बढी खर्च गर्नुको अर्थ बालुवामा पानी हाल्नु हो। त्यसकारण खर्चमा वृद्धि गर्नु पूर्व राष्ट्रिय उत्पादन वृद्धि हुनु अनिवार्य छ। राष्ट्रिय उत्पादनमा वृद्धि, खर्च वृद्धिको पूर्व शर्त हो। यो कुरातर्फ गम्भीरतापूर्वक ध्यान दिन आवश्यक छ। हामीले स्वदेशमा नै अनेक किसिमका वस्तु एवं सेवा उत्पादन गरेर राष्ट्रिय उत्पादनको स्तरमा व्यापक वृद्धि गर्न आवश्यक छ।

# अन्तर्राष्ट्रिय बाघ दिवस : चुनौतीबीच सफलता

– नारायण अधिकारी
चितवन, १४ साउन/रासस

नेपालमा पाटेबाघ संरक्षणमा चुनौती रहे पनि सफलता मिलेको छ। नेपाल सन् २०२२ सम्म बाघको सङ्ख्या २५० पुऱ्याउने लक्ष्य नजीक पुगेको छ। नेपालका तराईसँगै पहाडी क्षेत्रमा समेत पाटे बाघ पाइन्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा दीपककुमार खराल बाघ संरक्षणमा नेपाललाई सफलता मिलेको बताउँछन्। सफलतासँगै चुनौती रहेको भन्दै उनले रणनीतिक योजनामार्फत संरक्षणमा जुटेको बताए। उनले भने–“हामी लक्ष्य नजीक छौं। यसै वर्ष बाघ गणना गर्छौं।” सन् २०१८ को पछिल्लो गणना अनुसार नेपालमा बाघको सङ्ख्या २३५ रहेको छ। सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ९३, बर्दियामा ८७, बाँकेमा २१, पर्सामा १८ र शुक्लाफाँटामा १६ वटा बाघ रहेका छन्। महानिर्देशक खराल सन् २०१८ यता बाघको सङ्ख्या बढेको दाबी गर्छन्। उनले भने–“पछिल्ला



तस्वीर: फाइल

वर्षहरूमा बाघको गतिविधि हेर्दा सङ्ख्या बढेको अनुमान गर्न सकिन्छ।”

बाघ संरक्षणमा विशेष कार्यक्रम सञ्चालन गर्ने योजना रहेको उनको भनाइ छ। बाघको वासस्थान पहिचान र सम्भाव्यता अध्ययन गरिंदै छ। बाघ पाइने ठाउँमा वासस्थान सुधार गर्ने भन्दै उनले भने–“आहारा प्रजाति बढाउन आवश्यक घाँसे मैदान, पानी पोखरी र सिमसार क्षेत्र सुधार कार्यक्रम अगाडि बढाउँछौं।”

बाघसम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन र प्रविधि विकासको उपयोग गरिने उनको भनाइ छ। मानव र वन्यजन्तुबीच द्वन्द्व न्यूनीकरणका लागि घटना भइसकेपछि राहत वितरण कार्य सरलीकरण गर्ने, घाइते बाघका लागि उद्धार केन्द्र व्यवस्थित गर्ने, पहाडी क्षेत्रमा समेत बाघ देखिएकाले ती क्षेत्रमा वासस्थानको विकास गर्ने खराल बताउँछन्।

राष्ट्रिय प्रकृति संरक्षण कोषको सदर चिडियाखाना प्रमुखसमेत रहेका बाघ विशेषज्ञ डा चिरञ्जीवी पोखरेल चोरीशिकार रोक्नुपर्ने, मानव र वन्यजन्तुबीच द्वन्द्व घटाउनुपर्ने तथा वासस्थान संरक्षण गर्न जोड दिन्छन्। रणनीतिकरूपमा बाघ संरक्षणमा लाग्नुपर्ने उनको भनाइ छ। उनले भने–“बाघ संरक्षणमा गरिएका प्रयास अझै पर्याप्त छैनन्।” बाघको महत्त्वबारे जनचेतना फैलाएर आम समुदायलाई संरक्षणमा केन्द्रित गर्नुपर्ने उनको भनाइ

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## ब्रजीलमा कोभिडबाट हुने मृत्यु अझै घटेन, एकै दिन १ हजार ३४४ को मृत्यु

साओ पाओलो १४ साउन/सिन्ह्वा

ब्रजीलमा कोभिड–१९ बाट हुने मृत्यु अझै घट्न सकेको छैन । यहाँका अधिकारीहरूका अनुसार पछिल्ला केही दिनमा कोभिडबाट हुने मृत्यु बढ्दै गएको छ । कोभिड–१९ बाट धेरै प्रभावित देशहरूको सूचीमा रहेको ब्रजीलमा २४ घण्टामा कोरोना भाइरसबाट कम्तीमा पनि एक हजार ३४४ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।


तस्वीरः फाइल

ब्रजीलमा बुधवार मात्र पछिल्लो २४ घण्टामा एक हजार ३४४ जनाको ज्यान गएको मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन् । यो समेतगरी यहाँ यस सङ्क्रमणबाट ज्यान गुमाउने नागरिकको सङ्ख्या ५ लाख ५३ हजार १७९ पुगेको छ। यहाँका अधिकारीहरूले बुधवार यस अघिका दिनहरूको तुलनामा धेरै नागरिकको कोभिड–१९ सङ्क्रमणबाट निधन भएको बताएका छन् ।

त्यसैगरी कोभिडबाट सङ्क्रमित हुनेको सङ्ख्या पनि गएको २४ घण्टामा करीब ४८ हजारभन्दा बढी रहेको छ। योसमेत गरी ब्रजीलमा कोभिडबाट सङ्क्रमित हुने नागरिकको सङ्ख्या १ करोड ९७ लाखभन्दा बढी रहेको पनि ब्रजीलको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। ब्रजीलमा दुई महीना अघि कोभिड–१९ का सङ्क्रमितहरू घटेको भएपनि पछिल्ला केही महीनामा भने यो सङ्ख्या बढ्दै गएको देखिएको छ ।

सरकारले कोरोना भाइरसविरुद्ध खोपलाई प्राथमिकतामा राखेर नागरिकलाई खोप दिने गरेको छ। ब्रजील सरकारले खोप दिने कामलाई देशव्यापी अभियानको रूपमा सञ्चालन गरेको छ। ब्रजीलको साओ पाओलो शहर सबैभन्दा बढी सङ्क्रमणमा परेको शहर हो । ब्रजीलमा हरेक एक लाखजना सङ्क्रमितमा २५८ जनाको निधन भएको तथ्याङ्कले देखाएको बताइएको छ। रासस

## भारतमा ९७.३८ प्रतिशत सङ्क्रमणमुक्त

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा पछिल्लो समय फेरि वृद्धि हुँदै गएको छ। केही दिन अगाडिसम्म ३५/४० हजारको हाराहारीमा रहेको दैनिक सङ्क्रमितको सङ्ख्या अहिले बढेर ४० हजारभन्दा बढी भएको छ ।

सरकारी अधिकारीहरूले बिहीवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ४३ हजार ५०९ जना नयाँ सङ्क्रमित थपिएका छन् ।

सोही अवधिमा ३८ हजार ४६५ जना सङ्क्रमणमुक्त भएका छन् । सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या भन्दा नयाँ सङ्क्रमितको सङ्ख्या धेरै भएकोले सक्रिय सङ्क्रमितको सङ्ख्यामा समेत वृद्धि भएको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरूको कुल सङ्ख्या तीन करोड सात लाख एक हजार ६१२ पुगेको जनाएको छ।

कुल सङ्क्रमितमध्ये ९७.३८ प्रतिशत सङ्क्रमितहरू अहिले सङ्क्रमणमुक्त भइसकेको पनि मन्त्रालयले जानकारी दिएको छ । भारतमा अहिलेसम्म कुल ४६ करोड २६ लाख २९ हजार ७७३ स्वाब परीक्षण गरिएको छ।

त्यसैगरी अहिलेसम्म कुल ४५ करोड ७ लाख ६ हजार २५७ खोप प्रयोग भएको छ। रासस

## इजरायल प्यालेस्टाइनको द्वन्द्वको राजनीतिक समाधान खोज्नुपर्छ

संयुक्त राष्ट्रसङ्घ १४ साउन/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले इजरायल–प्यालेस्टिन द्वन्द्व राजनीतिक माध्यमबाट समाधान गर्न आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका अधिकारीले पछिल्ला दिनमा बढ्दै गएको इजरायल–प्यालेस्टिन युद्धलाई शान्तिपूर्ण तवरबाट राजनीतिक समाधान खोज्न आग्रह गरेका हुन् ।

अहिले गाजामा द्वन्द्वपीडित नागरिकलाई आवश्यक सहयोग गरिएको छ । विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले यो सहयोग उपलब्ध गराएको प्यालेस्टिनका लागि संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी निकायका संयोजक लिन हचास्टिनले बताएका छन्।

उनले हाल गाजाका नागरिकलाई विश्वका विभिन्न समुदायले सहयोग गरिरहेको उल्लेख गर्दै भनेका छन् कि हाल त्यहाँ मानवीय सहायता उपलब्ध गराएको भएपनि त्यहाँको युद्धको समाधान राजनीतिक रूपबाट नै खोज्नुपर्छ र यसका लागि विश्व समुदायको दबाब आवश्यक छ ।

पछिल्ला दिनहरूमा इजरायल र प्यालेस्टिनमा द्वन्द्व बढ्दै गएको छ । त्यहाँका कैयौं मानिसलाई मानवीय सहायताको आवश्यकता देखिएको पनि बताइएको छ। रासस

अन्तर्राष्ट्रिय........

छ ।

बाघले मानवमाथि आक्रमण गर्नु रोगव्याधिलगायत समस्याले कमजोर भएर आक्रमण गरेको हुन सक्ने भएकोले सूक्ष्म अध्ययन आवश्यक भएको पोखरेलको भनाइ छ। उनले भने– "बाघ कमजोर भएर मानवमाथि आक्रमण गर्छ।" बाघले मानवलाई कम क्षति गर्ने गरी संरक्षणका योजना बनाउन उनको जोड छ ।

नेपालमैं सबैभन्दा बढी बाघ रहेको चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बराल बाघ र मानवबीच द्वन्द्व न्यूनीकरण गर्न जोड दिन्छन् । वनमा आश्रित हुन बाध्य समुदायलाई समयमैं वैकल्पिक पेशा दिन सकिए द्वन्द्व घट्ने उनको कथन छ। सन् २०१४ मा यहाँको वरण्डाभार क्षेत्रमा भेटिएको बाघ सन् २०१८ को गणनामा नभेटिएकोमा हालै मात्र तस्करहरूसँग उक्त बाघको छाला र हड्डी फेला परेको उल्लेख गर्दै उनले भने–"बाघको चोरीशिकार थाहा नहुने ढङ्गले भएको हुन सक्छ ।"

दुर्लभ एकसिङ्गे गैंडा र बाघको संरक्षणमा केन्द्रित यस निकुञ्जका प्रमुख बराल गैंडाको चोरीशिकार भएको थाहा हुने भए पनि बाघको कतिपय घटना थाहा नहुने बताउँछन् ।

तस्करले बाघ मारेर अवशेष नछोडी लान सक्ने भएकोले चोरीशिकारी नियन्त्रणमा फरक रणनीतिका साथ लाग्नुपर्ने उनको भनाइ छ । भित्रभित्रै चोरीशिकार हुँदा भारतमा बाघ मासिएको थाहा नभएको उदाहरण दिंदै उनले भने–"बाघको चोरीशिकारी नियन्त्रणका लागि सबै लाग्नुपर्छ ।"

सन् २०१० मा लागू गरिएको बाघ संरक्षण विशेष कार्यक्रम हाल नभएको भन्दै उनले विशेष योजना बनाएर संरक्षणमा जुट्नुपर्ने अवस्था आएको बताए । उनले भने–"विशेष कार्यक्रम लागू भएमा बजेट हुने र सोही अनुसारको कार्यक्रम लागू गर्न सकिन्छ।" हाल बाघ संरक्षण गर्ने नारा भए पनि बजेट नभएको उनको गुनासो छ। बाघ प्रायः मानव बस्तीमा आउँदैन। आफ्नै आधार इलाका बनाएर बस्ने गर्दछ । पाटेबाघ विश्वका १३ देशमा पाइन्छ । विश्वमा बाघ पाइने १३ मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा रूसको सेन्टपिटर्सबर्गमा भएको सम्मेलनले बाघको सङ्ख्या सन् २०२२ सम्म दोब्बर बनाउने प्रतिबद्धता गरेको थियो । सो प्रतिबद्धता अनुसार नेपालले सन् २००९ को गणना अनुसार तत्कालीन बाघको सङ्ख्या १२१ लाई दोब्बरभन्दा पनि बढी २५० वयस्क बाघ पुर्‍याउने प्रतिबद्धता गरेको थियो । जुन लक्ष्य हासिल हुने दिशामा पुगेको छ ।

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अलमल | वृष | प्रसन्नता |
| मिथुन | पदोन्नति | कर्कट | ईश्वरभक्ति |
| सिंह | शारीरिककष्ट | कन्या | व्यापारवृद्धि |
| तुला | अलमल | वृश्चिक | कार्यनाश |
| धनु | वाहनकष्ट | मकर | राज्यलाभ |
| कुम्भ | अतिथिआगमन | मीन | अन्नलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया










# आत्मनिर्भरोन्मुख दुग्ध उद्योग

डेरी क्षेत्र एउटा उद्योग वा किसानले मात्र सञ्चालन गरेर चल्ने क्षेत्र होइन। दुग्ध उत्पादनदेखि वितरणसम्मको सहयोग गरे चाँडै पूर्ण आत्मनिर्भर हुन सक्छ । नेपालमा रहेका ५५ लाख परिवारमध्ये ५ लाख परिवार पशुपालन दूधको बजार अनिश्चित रहेकोले पशुपालन कर्मलाई 'व्यवसाय' बनाउन सकिएको छैन, यो अहिले पनि

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**गोठबाट उत्पादन हुने कच्चा दूधको गुणस्तर सुधारका लागि पशु आहार, नस्ल सुधार, औषधि/खोप र सर सफाइ तथा सुरक्षित ढुवानीका अभियान शुरू गरी उद्योग र बजारसम्मको चरणलाई अन्तर्सम्बन्धित मूल्य शृङ्खलाबाट सुनिश्चित गर्नुपर्ने हुन्छ ।**

प्रक्रियालाई 'गोठदेखि ओठसम्म' भन्ने गरिन्छ । अर्थात् डेरी क्षेत्र सञ्चालन गर्न दुग्ध मूल्य शृङ्खला आवश्यक पर्छ। डेरी क्षेत्रमा किसान, उद्योग, उपभोक्ता र सरोकारवाला सबैको उत्तिकै महत्त्व हुन्छ । त्यसैले यी सबैको ठूलो लगानी भएको क्षेत्र हो, नेपालको डेरी क्षेत्र । वार्षिक उत्पादन वृद्धिदर ४ प्रतिशत र माग ८ प्रतिशतले बढिरहेको यो क्षेत्र अर्थतन्त्रका लागि पनि उत्तिकै महत्त्वपूर्ण क्षेत्र हो। तर कहिले कोलीफर्मको नाममा, कहिले गुणस्तरहीन पाउडरको नाममा, कहिले मिल्क होलिडे र कहिले उत्पादनले बजार नपाउने समस्याले दुग्ध क्षेत्रमा संलग्न किसानदेखि उद्योगी र उपभोक्तासम्म त्रसित बन्नुपरेको अवस्था छ ।

स्वस्थ रहन एक व्यक्तिले वार्षिक ९१ लिटर दूध उपभोग गर्नुपर्ने मापदण्ड छ। तर नेपालमा अहिलेको उत्पादन २३ लाख १ हजार मेट्रिक टन रहेको तथ्याङ्क छ। यस हिसाबले एक व्यक्तिले वार्षिक ७८ लिटर मात्रै दूध उपभोग गर्न सक्छ। नेपालको कुल राष्ट्रिय गार्हस्थ्य उत्पादन (जिडिपी)मा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी २७ प्रतिशत छ । कृषि क्षेत्रमा धानपछि सबैभन्दा बढी डेरी क्षेत्रको योगदान करीब ९ प्रतिशत छ। नेपालको डेरी क्षेत्रमा निजी र सरकारी उद्योगले ठूलो लगानी गरेका छन्। १८ सय सहकारी संलग्न रहेको यो क्षेत्रमा दुग्ध उद्योगमा मात्र ३० अर्ब रुपियाँभन्दा बढी लगानी र ३० हजार रोजगार सिर्जना भएको छ। डेरी उद्योगबाट मात्रै वार्षिक १ अर्ब राजस्व सरकारलाई प्राप्त हुने गरेको छ।

यसैगरी यस क्षेत्रबाट दैनिक पाँच करोड तथा वार्षिक १२ अर्ब रुपियाँ शहरबाट गाउँतर्फ प्रवाह भइरहेको छ। त्यसैले दुग्ध उत्पादन व्यवसाय ग्रामीण स्वरोजगारको मुख्य अङ्ग पनि बन्न पुगेको छ। नेपालमा भारत तथा तेस्रो मुलुकबाट करीब रु दुई अर्बभन्दा बढीको दूध र दुग्धजन्य पदार्थ आयात भइरहेको छ । नेपालमा ठूला दुग्ध प्रशोधन उद्योग चार, मझौला ३०, साना ५० र घरेलु तथा साना गरी ५०० भन्दा बढी दूध उत्पादन गर्ने क्षमताका डेरी छन् । यी ससाना डेरी उद्योग खाद्यको अनुज्ञापत्र र लेबलविना सञ्चालन भएका कारण उपभोक्ताले पूर्णरूपमा गुणस्तरको प्रत्याभूति गर्न सकेका छैनन् । त्यस्ता उद्योगमा अनुगमन गरी खाद्य अनुज्ञापत्र, लेबल, भ्याट र प्यानको दायराभित्र ल्याई हालै जारी भएको दूधसम्बन्धी खाद्य स्वच्छता निर्देशिका २०७५ को मूल भाव अनुसार दुग्ध क्षेत्रको गुणस्तर अभिवृद्धि गर्नुपर्ने देखिन्छ । मौसम अनुसार दूध उत्पादन हुने कारण जाडो महीनामा (असोजदेखि फागुनसम्म) उत्पादन बढी भई किसानको दूधले बजार नपाउने र गर्मी महीना (चैतदेखि भदौ) सम्म दूधको अभाव भई निर्यातित दुग्धजन्य पदार्थमा निर्भर हुनुपर्ने अवस्था छ ।

हुनत यो क्षेत्रमा ५ लाखभन्दा बढी किसान परिवारको प्रत्यक्ष संलग्नता छ। अहिले नेपालको डेरी उद्योग करीब आत्मनिर्भरतातर्फ उन्मुख छ । अहिले मुलुकको डेरी क्षेत्र ८० प्रतिशत आत्मनिर्भर छ । सरकारले नीतिगत सहयोग गरे चाँडै पूर्ण आत्मनिर्भर हुन सक्छ । नेपालमा रहेका ५५ लाख परिवारमध्ये ५ लाख परिवार पशुपालन पेशामा छ। यो क्रम बढ्दै पनि गएको छ । मुलुकमा पशुपालन बढ्दै गएकोले उत्पादनमा कुनै चिन्ता लिनुपर्ने अवस्था देखिएको छैन। तर, उद्योगलाई टिकाउने र किसानलाई नाफामुखी बनाउने कुरामा नीतिगत पहल हुन जरूरी देखिन्छ । पछिल्लो समय प्रदेश सरकारहरूले बजेटमैं घोषणा गरेर दूध उत्पादन गर्ने किसानलाई प्रतिलिटर दुई रुपियाँ अनुदान दिने व्यवस्था कार्यान्वयन गरिरहेका छन्। यद्यपि उत्पादन बढाउने मात्र नभई उत्पादित दूधको खपतमा समेत विशेष योजना बनाउनुपर्ने देखिन्छ ।

नेपालमा गाई तथा भैंसीको सङ्ख्या १ करोड २७ लाख १६ हजार छ। यसमा गाई मात्रै ७४ लाख ५८ हजार ८ सय ८५ छ । नेपालमा वार्षिक २३ लाख १ हजार मेट्रिक टन दूध उत्पादन भइरहेको छ । तीमध्ये उद्योगहरूले नियमित १० लाख ७१ हजार टन दूध सङ्कलन गरिरहेका छन् । यसबाट प्रशोधित दूध, पाउडर दूध, घ्यू, पनीर, आइसक्रिम, नौनीलगायत दुग्ध पदार्थ उत्पादन भई बजारमा पुगिरहेको छ। त्यस्तै, २१ लाख लिटर दूध भने मिठाई बनाउन तथा चियापसल र रेस्टुराहरूमा खपत भइरहेको छ । ५० प्रतिशत दूध किसानहरू आफैंले उपभोग गर्ने गरेका छन् । यो तथ्याङ्क विगतको तुलनामा सुधारोन्मुख हो। बर्सेनि दूध उत्पादनको दर बढिरहेका कारण मुलुक चाँडै दूधमा आत्मनिर्भर हुन सक्ने सम्भावना देखिएको छ। देशका ६५ जिल्लामा दुग्ध उत्पादक कृषकहरूबाट उत्पादित दूध सङ्कलन भइरहेको छ । देशभरका किसानहरू सहकारीमा आबद्ध भई दूध बिक्री गर्दै आएका छन् । दूध सङ्कलन तथा बजारीकरणका लागि देशभर १ हजार ८ सय ७५ दुग्ध उत्पादक सहकारी छन्। मुलुकभर करीब ४ सय दुग्ध प्रशोधन उद्योग छन् र यी उद्योगहरू दैनिक १ हजारदेखि १ लाख ५० हजार लिटरसम्म दूध प्रशोधन गर्ने क्षमताका छन् ।

नेपालको डेरी क्षेत्र बिस्तारै आत्मनिर्भर भइरहेको बेला विदेशी लगानी भित्र्याएर स्वदेशी उद्योगीको मनोबल गिराउन नहुने बहस चल्न थालेको छ। हुनत सरकारले आर्थिक वर्ष २०७८–७९ को बजेटमा नेपाललाई दुई वर्षभित्र दूधमा आत्मनिर्भर बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। पछिल्लो वर्ष पशुपालन र कृषिमा बढ्दै गएको लगानीका कारण मुलुक क्रमशः पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने अवस्थामा पुगेको हो । कृषि प्रधान मुलुक नेपालको खाद्य संस्कृतिमा 'गोरस' अकाट्य खाना हो । 'गोरस' गाई वा भैंसीका दुग्धजन्य सबै पदार्थलाई मान्ने गरिन्छ। मोही नेपालका सबै क्षेत्रमा प्रचलित खाद्य पदार्थ हो । ऋषि–मुनिदेखि सबैले दूध र दुग्धपदार्थको सेवन गर्ने गरेको पाइन्छ । कृषि तथा पशुपालनबाट जनशक्ति पलायन भएकोले केही समय विदेशबाट ल्याइएको धूलो वा बट्टाको दूधलाई पनि 'गोरस' मान्नुपर्ने अवस्था आएको थियो। पशुपालनमा उच्च आर्थिक लगानी गरेका पशुपालक कृषकले यथोचित प्रतिफल पाएका छैनन् । खासगरी पशु स्वास्थ्य, बीमा, आहार र दूधको बजार अनिश्चित रहेकोले पशुपालन कर्मलाई 'व्यवसाय' बनाउन सकिएको छैन, यो अहिले पनि जीवननिर्वाहको माध्यम मात्र भएको छ। पशुपालनका एकाध सफलताले पनि नेपालमा दुग्ध पदार्थको उत्पादनलाई रोजगारका साथै पौष्टिक आहारको सङ्गम बनाउन सकिने सम्भावना देखिएको छ। तर यसका लागि विद्यमान विभिन्न नीति, पहल र दृष्टिकोणमा आमूल परिवर्तन ल्याउनु आवश्यक छ।

स्वदेशी दुग्ध उद्योगलाई बहुराष्ट्रिय कम्पनीका उत्पादनसँग प्रतिस्पर्धा गरी बजारीकरण गर्नुपरेको छ। तर उद्योगले प्राप्त गर्ने कच्चा दूधमा हुनुपर्ने गुणस्तर नहुँदा प्रशोधित दुग्धजन्य पदार्थमा उच्च गुणस्तर कायम न भइरहेको चुनौतीको व्यावसायिक व्यवस्थापन गर्न समग्र मूल्य शृङ्खलामा थप लगानी एवं प्राविधिक हस्तक्षेप आवश्यक छ । कुल राष्ट्रिय दुग्ध उत्पादनको १७ प्रतिशतमात्र औपचारिक उद्योग–नेटवर्कको पहुँचमा रहेको र बाँकी ठूलो परिमाण उत्पादन स्तर तथा अनौपचारिक खपतका रूपमा रहेको यस क्षेत्रमा उद्योगीकरणको विस्तारबाट औपचारिक सञ्जाल बाहिरका उत्पादनलाई व्यवस्थित गर्न सकिन्छ। गोठबाट उत्पादन हुने कच्चा दूधको गुणस्तर सुधारका लागि पशु आहारा, नस्ल सुधार, औषधि/खोप र सरसफाइ तथा सुरक्षित ढुवानीका अभियान शुरू गरी उद्योग र बजारसम्मको चरणलाई अन्तर्सम्बन्धित मूल्य शृङ्खलाबाट सुनिश्चित गर्नुपर्ने हुन्छ। यसका लागि प्राविधिक र व्यावसायिक क्षमतासहितको उद्योगको अग्रणी भूमिका रहन्छ ।

विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसारको, दूध उपभोगको उपलब्धताका लागि साबिकको वार्षिक उत्पादनमा पाँच प्रतिशतको वृद्धि गर्नुपर्ने हुन्छ। अनि मात्र सन् २०२५ सम्म दूध उपभोगको उपलब्धताका आधार सुनिश्चित हुन सक्ने अनुमान गरिएको छ । यसका लागि ४.९३ अर्ब रकम लगानी गर्नुपर्नेछ । सोबाट अतिरिक्त दुई लाख १६ हजार एक सय रोजगार सिर्जना हुने भनिएको छ । विगतमा सरकारीस्तरबाट दुग्ध क्षेत्रको विकासका लागि विभिन्न आयोजना तथा दातृ निकायको सहयोगमा सञ्चालन गरिएका अनुदान कार्यक्रमले अपेक्षित प्रतिफल प्राप्त गर्न सकेको देखिएको छैन ।

यसरी पारम्परिक उत्पादनलाई प्रविधिसँग जोडेर आधुनिक कृषि उद्यमको विकासबाट मात्र कृषि क्षेत्रमा आत्मनिर्भरता प्राप्त गर्न सकिने छ । दुग्ध उत्पादनपछिका चरण : प्रशोधन, विविधीकरण, भण्डारण, मूल्य अभिवृद्धि, ढुवानी, बजारीकरणका चुनौतीको संस्थागत व्यवस्थापन गरेर मात्र दुग्ध क्षेत्रको प्रवर्द्धन हुन सक्ने भएकोले आज नेपाली दुग्ध व्यवसायले आधुनिक प्रविधिसहितको औद्योगिक स्तरोन्नति खोजेको छ । स्थानीयरूपमा सञ्चालित सीमित उद्योगको सिन्डिकेटको मारमा उपभोक्ता बजार पर्न नहुने तथा बजार छनोटबाट उत्पादन स्थापित र विस्थापित हुने सिद्धान्तको परिपालना गराउनसमेत सरकारको नीतिले सकारात्मक भूमिका निर्वाह गर्नेछ ।



**बाबुबाजेको स्मृतिमा सिद्धेश्वर शिव मन्दिर निर्माण** : जीतपुरसिमरा उपमहानगरपालिका-८ इमलीपर्ती चोकमा स्थानीय विनोदराज पाण्डेले आफ्नो निजी खर्चमा निर्माण गरेको शिव मन्दिरमा दर्शनार्थीहरू । तस्वीरः गम्भीरा सहनी

# युवकको शङ्कास्पद मृत्यु

प्रस, वीरगंज, १४ साउन/

काठमाडौंबाट वीरगंजमा लाइसेन्स नवीकरणका लागि आएका एक युवकको बिहीवार बिहान रहस्यमय तरीकाले मृत्यु भएको छ।

वीरगंज महानगरपालिका-७ रामटोलमा अचेत अवस्थामा भेटिएका युवकको हत्या भएको प्रहरीले आशङ्का गरेको छ।

काठमाडौं महानगरपालिका गङ्गबु बस्ने २७ वर्षीय सुजन पाख्रिन लाइसेन्स नवीकरण गर्न वीरगंज आएका र गएराति अबेरसम्म वीरगंजमा साथीहरूसँग बसी बीयर खाएको अपुग भयो भन्दै बीयर लिन निस्केका पाख्रिन लामो समयसम्म नआएपछि खोज्दै जाँदा गम्भीर घाइते अवस्थामा आज बिहान ३ बजे सडकमा फेला परेका थिए।

घटनापछि तत्काल साथीहरूले नै प्रहरीलाई फोन गरी उपचारका लागि नारायणी अस्पताल लगेकोमा अस्पतालले युवकलाई मृत घोषणा गरेको छ।

युवकको मृत्युपछि प्रहरीले अनुसन्धानका लागि मृतकका ६ जना साथीलाई नियन्त्रणमा लिएको छ।

प्रहरीले काठमाडौं टोखा नगरपालिका -२५ निवासी मनोज कार्की, मकवानपुरका २८ वर्षीय कुमार सिंह पाख्रिन, वीरगंज महानगरपालिका-७ का २७ वर्षीय विक्की लामा, २२ वर्षीय विक्की साह, बारा फेटा गाउँपालिका-३ बस्ने २७ वर्षीय धनञ्जय रजकलाई नियन्त्रणमा लिई अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं डिएसपी ओमप्रकाश खनालले बताए।

प्रहरीले घटनास्थलबाट बा २ ज ५७८५ नम्बरको कारसमेत नियन्त्रणमा लिएको छ।

मृतक पाख्रिनको घाँटीमा नील डाम देखिएको र उनले सिक्री, औंठीलगायत ८/१० तोला सुनको गहना समेत लगाएकोमा घटनास्थलमा फेला नपरेकोले उनको हत्या लुटपाटका लागि भएको हुन सक्ने अनुमान गरिएको छ।

# २२ जना करार कर्मचारीको म्याद नगरी काम गराउँदै

प्रस, वीरगंज, १४ साउन/

भूमिसुधार तथा मालपोत कार्यालय पर्सा अन्तर्गत दुईवटा कार्यालयका २२ जना करारका कर्मचारीहरूको म्याद थप भएको छैन।

प्रत्येक ६ महीनाको करारमा कार्य गर्दै आएका २२ जना कर्मचारी दश वर्षभन्दा बढी समयदेखि मालपोत र भूमिसुधार कार्यालयमा काम गर्दै आएका हुन। भूमिसुधार तथा मालपोत कार्यालय पर्सा अन्तर्गत मालपोतमा १७ जना र भूमिसुधारमा ५ जना करारमा कर्मचारी खट्दै आएका छन्। दुवै कार्यालय एकजना प्रमुखले हेर्दै आएको पनि वर्षौं भइसकेको छ। प्रमुख मालपोत कार्यालयको जिम्मेवारीमा आउनेलाई नै भूमिसुधारको पनि जिम्मेवारी दिंदै आएको दशकभन्दा बढी भयो। अहिले दुवै कार्यालयका प्रमुख वासुदेव खतिवडा हुन्। तर उनी एक सातादेखि बिरामी परेका कारण कार्यालयमा उपस्थित छैनन्। उनले निमित्त कुमुद तिवारीलाई दिएर गएका छन।

निमित्त दिए पनि करारवालाहरूको भने म्याद थप गरेनन्। अहिले खतिवडा अस्पतालमा भर्ना भएको बुझिन आएको छ। निमित्त प्रमुखले तिवारीले करारका कर्मचारीहरूको म्याद थप नगरी दुई सातादेखी काम गराउँदै आएका छन्। २२ जना करारका कर्मचारीको ६ महीने करार अवधि गत असार मसान्तसम्म मात्र थियो।



मालपोत कार्यालय, पर्सा। तस्वीरः फाइल

# नागरिकता प्रकरणमा दुईजना पक्राउ



धुरुप पटेल र सीता पटेल। तस्वीर सौजन्यः जिप्रका, पर्सा

प्रस, वीरगंज, १४ साउन/

झूटो विवरण पेश गरी नेपाली नागरिकता लिएको कसूरमा एकजना भारतीय नागरिकसहित दुईजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

भारतीय नागरिक सीता पटेलले कविताकुमारीको नामबाट जिल्ला प्रशासन कार्यालय, पर्सामा झूटो विवरण पेश गरी नागरिकता लिएको आरोपमा बुधवार प्रहरीले उनलाई वीरगंज महानगर-१३ श्रीपुरबाट पक्राउ गरेको छ।

प्रहरीले नागरिकता प्रकरणमा बहुदरमाई नगरपालिका-२ निवासी धुरूपप्रसाद पटेललाई पनि पक्राउ गरेको छ।

सीताले धुरूप पटेलकी छोरी कविता कुमारी बनेर नागरिकता लिएको आरोपमा पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका दुवैजनालाई सात दिनको म्याद थमाई नागरिकता सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

# सिकाइ केन्द्रको अनुगमन र तालीम

प्रस, कलैया, १४ साउन/

युकेएड नेपालको सहयोगमा पिपुल इन निड र आसमान नेपालको संयुक्त सहकार्यमा सञ्चालित आरम्भ परियोजना अन्तर्गत आज बाराको आदर्श कोतवाल गाउँपालिकामा रहेको सिकाइ केन्द्रहरूको अनुगमन गरिएको छ।

आसमान नेपालले उक्त पालिकामा २९ वटा सिकाइ केन्द्रमार्फत ६०२ जना १० देखि १९ वर्षका किशोरीहरूलाई पढाउँदै आएको छ।

जसमध्ये १० देखि १४ वर्षका किशोरीहरूलाई विद्यालय भर्ना गराउने र १५ देखि १९ वर्षका किशोरीहरूलाई सीपमूलक तालीम दिने बाराका कार्यक्रम संयोजक रामसुरेश ठाकुरले बताए।



आदर्शकोतवाल गापास्थित सिकाइ केन्दको अनुगमन गर्दै टोली र तालीममा सहभागीहरू। तस्वीरः प्रतीक

सोही कार्यक्रमको पालिकाका कार्यकारी अधिकृत प्रमोद साद, शिक्षा संयोजक जितेन्द्र यादव, स्वास्थ्य संयोजक पारस यादव, आसमान नेपालका अध्यक्ष हरेशचन्द यादव, सुशील थापा, शिक्षा अधिकृत रामप्रवेश यादवलगायतको टोलीले अनुगमन गरेको थियो।

यसैबीच कटहरिया नगरपालिका अन्तर्गत सञ्चालित सिकाइ केन्द्रको अनुगमन गरिएको छ।

नगरप्रमुख सियाराम कुशवाहाको अध्यक्षता र प्रमुख प्रशासकीय अधिकृत रामप्रकाश, शिक्षा संयोजक अनिल निधिसहितको टोलीले केन्द्रको अनुगमन गरेका थिए।

**रौतहट/**

यस्तै युकेएड नेपालको सहयोगमा पिपुल इन निड र आसमान नेपालको संयुक्त सहकार्यमा सञ्चालित आरम्भ परियोजना अन्तर्गत रौतहटको दुर्गाभगवती गाउँपालिकामा पशुपालनसम्बन्धी पाँच दिने तालीम शुरू भएको छ।

विद्यालय बाहिर रहेका १५ देखि १९ वर्ष उमेर समूहका किशोरीहरूलाई आय आर्जनको उद्देश्यले तालीमको आयोजना गरिएको आसमान नेपालका कार्यक्रम प्रमुख डा वीरेन्द्र सिंहले जानकारी दिए।

वडाध्यक्ष रामबाबू रायको अध्यक्षतामा शुरू भएको तालीममा १४ जना किशोरीहरूको सहभागिता रहेको छ भने तालिममा अरुणकुमार झाले प्रशिक्षण दिइरहेको अरविन्द चौधरीले बताए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# विवादका कारण सदस्यता वितरण स्थगित

बलिराम शुक्ला, बिरुवागुठी १४ साउन/

नेपाली काङ्ग्रेसमा क्रियाशील सदस्यता विवादका कारण पर्सा जिल्लाका केही वडामा नयाँ क्रियाशील सदस्यता स्थगित गरिएको छ।

नेपाली काङ्ग्रेसको विधान अनुसार महाधिवेशनका लागि तल्लो तहका सबभन्दा महत्त्वपूर्ण मतदाताको रूपमा मानिने क्रियाशील सदस्यता विषयमा छानबीन समितिले बुझाएको प्रतिवेदनमा पर्सा जिल्लाका केही वडाहरूमा विवादका कारण नयाँ क्रियाशील सदस्यता स्थगित गरिएको प्रतिवेदनमा जनाइएको छ।

काङ्ग्रेस क्रियाशील सदस्यता छानबीन समिति संयोजक रमेश लेखकले मङ्गलवार पार्टी पदाधिकारी बैठकमा सभापतिलाई बुझाएको प्रतिवेदनमा पर्सा जिल्ला निर्वाचन क्षेत्र नं ३ का सबै वडा स्थगित गरिएको छ भने वीरगंज महानगरपालिका वडा नं २२, २७, २९, र ३१ नम्बर तथा बहुदरामाई नगर पालिका वडा नं २ र ६, पर्सागढी नगरपालिकाको वडा न ५, ६, ७ को नयाँ क्रियाशील सदस्यता स्थगित गरिएको छ।

स्थगित गरिएका वडाहरूबाट आएका पुराना सदस्यता सदर गरी समितिले काङ्ग्रेसको १४ औं महाधिवेशन पछि प्रक्रिया पुऱ्याएर कायम गर्नेगरी स्थगित गरिएको हो।

काङ्ग्रेसले देशभरका १२१ विवादित वडामा क्रियाशील सदस्यता वितरण स्थगित गरेको छ।

# १३ जना सङ्क्रमित पुष्टि

प्रस, रौतहत, १४ साउन/

गौर अस्पतालमा भएको पिसिआर परीक्षणबाट बुधवार र बिहीवार दुई दिनमा १३ जना कोरोना सङ्क्रमित पुष्टि भएका छन्।

गौर अस्पतालको पिसिआर ल्याबमा २९ जनाको स्वाब नमूना सङ्कलन गरी परीक्षण गरिएकोमा १३ जनामा पोजिटिभ देखिएको अस्पतालले जनाएको छ।

सङ्क्रमितमध्ये गौर र राजदेवी नपाका दुई-दुईजना, चन्द्रपुर, इशनाथ, वृन्दावन, बौधीमाई, परोहा, गरुडा, देवाही गोनाही, मकवानपुरगढी (मकवानपुर) र मल्लरनी (प्यूठान)का एक-एकजना गरी १३ जना सङ्क्रमित छन्।

# मोटरसाइकल र गाँजा बरामद

प्रस, बिरुवागुठी, १४ साउन/

पर्सागढी नगरपालिका-३ बडनिहार बजार नजीकबाट बिहीवार प्रहरीले २२ किलो लागूऔषध गाँजासहित मोटरसाइकल बरामद गरेको छ।

जितपुरबाट मनवा बजार जाँदै गरेको बा ३३ प २७१४ नं. को पल्सर मोटरसाइकलमा सवार दुईजना तस्कर प्रहरी चौकी बडनिहारको टोलीलाई देखेपछि गाँजा र मोटरसाइकल छाडी फरार भएको प्रहरी चौकी बडनिहारका असई विनोदमान सिंहले बताए।

बरामद गाँजा र मोटरसाइकल आवश्यक कारबाईका लागि जिल्ला प्रहरी कार्यालय, वीरगंज पठाउने तयारी रहेको र फरार व्यक्तिहरूको खोजी भइरहेको प्रहरीले जानकारी गराएको छ।

## अनधिकृत तार....

कार्कीले बताए।

ग्रीनसिटीले यस अघि आदर्शनगर क्षेत्रमा नेट, केबुल तार सफाइ अभियान चलाएको थियो।


यसैगरी माईस्थान, घण्टाघर क्षेत्रमा अहिले पनि जथाभावी तार लत्रिएर शहरलाई कुरूप त बनाएकै छ, दुर्घटनालाई पनि निम्तो दिइरहेको छ।


तपाईं हामी सबैले घरमै बसेर जनस्वास्थ्यका सबै मापदण्ड पालना गरे मात्र संक्रमितको संख्या घट्ने निश्चित हुन्छ। यसर्थ हामीले उत्तिकै सतर्कता अपनाउन जरुरी छ। निषेधाज्ञाका नियमहरू पालना गरौं।



कोभिड-१९ का कुनै पनि लक्षण देखिने बित्तिकै आइसोलेसनमा बसौं
कोरोनाबाट आफू पनि सुरक्षित रहौं, अरूलाई पनि सुरक्षित राखौं

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं



मास्क लगाऔं
भौतिक दूरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग